






हिरोशिमा शहर पर्यावरण विभाग



# घरायसी फोहोर व्यवस्थापन गर्ने सही तरिका


| | |
|---|---|
| **संकलन गर्ने दिनको बिहान ८:३० सम्ममा फाल्नुहोस्।** | तपाईं बस्नुभएको क्षेत्रको फोहोर संकलन गर्ने दिन हिरोशिमा शहरको वेबसाइट (दायाँतिरको QR कोड) वा प्रकाशित "घरायसी फोहोर व्यवस्थापन गर्ने सही तरिका" मा हेर्नुहोस्।<br>फोहोर संकलन गर्ने दिन<br>(हिरोशिमा शहरको वेबसाइट) |

| फोहोरको प्रकार | संकलन गर्ने दिन | फाल्न मिल्ने चीजहरू | फाल्न मिल्ने चीजहरूको उदाहरण | फोहोर फाल्ने तरिका |
|---|---|---|---|---|
| 可燃(かねん)ごみ<br>**जल्ने फोहोर**<br>**बलियो कागजको झोला अथवा प्लास्टिक (बलुवाको बोरा आदि झोलाहरू बाहेक) मा हालेर फाल्नुहोस्।** | हप्तामा २ पटक | भान्साको फोहोर<br>पुन: प्रयोग गर्न नमिल्ने कागज<br>काठको टुक्रा/बोटबिरुवाको हाँगा<br>अन्य | <br>कच्चा फोहोर, अण्डाको बोक्रा, शंखको खोल आदि<br><br>लठ्ठी, घाँस<br><br>चुरोटको ठुटो<br><br><br>औषधी, मलहमपट्टी<br><br>मास्क, टिस्यु, कार्बन पेपर आदि<br><br><br>सुकाउने पाउडर, अक्सिजन हटाउने पदार्थ<br><br>कागजको डाइपर<br><br>घरपालुवा जनावरको बालुवा/दिसा आदि<br><br>कपास भरिएको तकिया र सिरानी | ●कार्टुनमा फोहोर नफाल्नुहोस्। (कार्टुन "पुन: प्रयोग योग्य फोहोर"हो)<br>●**मिठाईको बाकस र डाइरेक्ट मेल जस्ता नाम कार्ड भन्दा ठुलो कागजलाई "पुन: प्रयोग योग्य फोहोर"**मा फाल्नुहोस्।<br>●**दूधको प्याकेटहरू** सकेसम्म सुपरमार्केट आदिमा **फिर्ता गर्ने ठाउँमा** लैजानुहोस्।<br>●काँचो फोहोरलाई **राम्रोसँग पानी निचोरेर**, पत्रिका आदिमा बेरेर फाल्नुहोस्।<br>●खाने तेल कपडा वा पत्रिका आदिमा सोसेर फाल्नुहोस्।<br>●बोटबिरुवाको हाँगा जस्ता वस्तुहरूलाई ५० सेन्टिमिटरभन्दा छोटो काटेर, बाँधेर **थोरै थोरै गरेर** फाल्नुहोस्। (तर, काँचो रुखको हाँगा ५ सेन्टिमिटर र सुकेको हाँगा १० सेन्टिमिटर भन्दा सानो हुनुपर्छ।)<br>●बाँसको सिन्का जस्ता टुप्पो धारीलो भएका वस्तुहरूलाई टुप्पो भाँचेर फाल्नुहोस्।<br>●पटका र सलाईलाई अनिवार्य रूपमा पानीमा भिजाएर फाल्नुहोस्। |

| फोहोरको प्रकार | संकलन गर्ने दिन | फाल्न मिल्ने चीजहरू | फाल्न मिल्ने चीजहरूको उदाहरण | फोहोर फाल्ने तरिका |
|---|---|---|---|---|
| ペットボトル<br>**प्लास्टिकको बोतल**<br>पारदर्शी अथवा अर्धपारदर्शी प्लास्टिकमा हालेर फाल्नुहोस्। | हप्तामा १ पटक | प्लास्टिकको बोतल<br>PET<br>यो चिन्हलाई हेर्नुहोस् | ● पेय पदार्थ (जुस, चिया, कफी, पानी आदि)<br>● रक्सी, मिरिन, भिनेगर, सोया सस, चाउचाउको झोल र तेल बिनाको सलाद ड्रेसिंगका लागि।<br>(तेल भएको ड्रेसिंग प्रयोग गरिने वस्तुहरूलाई पुन: प्रयोग योग्य प्लास्टिकमा फाल्नुहोस्।)<br><br><br>बिर्को र लेबल निकालेर पुन: प्रयोग योग्य प्लास्टिकमा फाल्नुहोस्। | ●**बिर्को र लेबल निकालेर पानीले धोएर** थिचेर फाल्नुहोस्(बिर्को र लेबल "पुन:प्रयोग योग्य प्लास्टिक"को रूपमा फाल्नुहोस्।<br>●**"पुनः प्रयोग योग्य प्लास्टिक" सँग अनिवार्य रूपमा झोला अलग** गरेर फाल्नुहोस्।<br>●"प्लास्टिकको बोतलहरू" राखेको झोलालाई फेरि अर्को ठूलो झोलामा हालेर नफाल्नुहोस्।<br>●खाने तेल, सस, डिटर्जेन्ट आदिको बोतलहरू "पुन: प्रयोग योग्य प्लास्टिक" मा राखेर फाल्नुहोस्। |
| リサイクルプラ<br>**पुन: प्रयोग योग्य प्लास्टिक**<br>पारदर्शी अथवा अर्धपारदर्शी प्लास्टिकमा हालेर फाल्नुहोस्। | | कन्टेनर र प्याकेजिङ प्लास्टिक<br>プラ<br>यो चिन्हलाई हेर्नुहोस् | **सामानको कन्टेनर वा प्याकेजिङमा प्रयोग गरिएको प्लास्टिक**<br><br>झोलाहरू, नेटहरू<br><br>बोतलहरू<br><br>प्लास्टिकको बिर्को, क्याप र लेबल<br><br>फोमको प्याकेजिङ सामग्री र कन्टेनर<br><br>खानेकुरा जस्ता सामानहरू बेर्ने र्‍याप<br><br>कपहरू<br>(कागजको कपहरू जल्ने फोहोर हुन्)<br><br>ट्युबहरू<br><br>किनमेल झोला आदि | ●**"पुनः प्रयोग योग्य प्लास्टिक" सँग अनिवार्य रूपमा झोला अलग** गरेर फाल्नुहोस्।<br>●"पुन: प्रयोग योग्य प्लास्टिक" राखेको झोलालाई फेरि अर्को ठूलो झोलामा हालेर नफाल्नुहोस्।<br>●**खानेकुरा, बोतल, ट्युब आदिको कन्टेनरलाई** पानीले धोएर वा पुछेर **टाँसिएका फोहोर हटाएर** फाल्नुहोस्। (यदि भित्रको फोहोर वा अन्य फोहोर हटाउन सकिँदैन भने "जल्ने फोहोर" मा राखेर फाल्नुहोस्)।<br>●बिर्को वा क्याप लागेको वस्तुहरूलाई निकालेर मात्र फाल्नुहोस्।<br>●**खानेकुराको ट्रे** सकेसम्म सुपरमार्केट आदिमा **फिर्ता गर्ने ठाउँमा** लैजानुहोस्। |

| फोहोरको प्रकार | संकलन गर्ने दिन | फाल्न मिल्ने चीजहरू | फाल्न मिल्ने चीजहरूको उदाहरण | फोहोर फाल्ने तरिका |
|---|---|---|---|---|
| その他プラ (た)<br>**अन्य प्लास्टिक**<br>**पारदर्शी अथवा अर्धपारदर्शी प्लास्टिकमा हालेर फाल्नुहोस्।** | महिनामा २ पटक | **कन्टेनर र प्याकेजिङ बाहेक अन्य प्लास्टिक** |  **प्लास्टिकको ब्याग**<br> **जुत्ता, चप्पल, छालाको जुत्ता, बुट**<br> **खेलौना, प्लास्टिकका खेलौना**<br> **ड्राई क्लिनिङको झोला**<br> **भिडियो (क्यासेट) टेप, सीडी, डीभीडी र तिनीहरूको केस**<br> **ह्याङ्गर (प्लास्टिकले बनेको)**<br> **घरमा प्रयोग भएको र्‍याप (भित्री भाग बाहेक), स्पन्ज**<br> **मसीको कार्ट्रिज र प्लास्टिकको कलम आदि**<br> **स्पन्ज भरिएको सिरानी र तकिया** | ●पाइप जस्ता लामा वस्तुहरू र प्लास्टिक पानाहरू ३० सेन्टिमिटर भन्दा सानो काटेर निकाल्नुहोस्। (यदि काट्न गाह्रो भएमा डोरीले बाँधेर "नजल्ने फोहोर" मा राखेर फाल्नुहोस्)।<br>●मेसिनका भागहरू भएका खेलौनाहरू "नजल्ने फोहोर" मा राखेर फाल्नुहोस्।<br>●प्लास्टिकबाट बनेको भए पनि तलको "ठूलो फोहोर" को नियममा मिल्ने वस्तुहरू "ठूलो फोहोर" मानिनेछन्।<br>●**काठको ह्याङ्गर** (धातुको भागसहित) "जल्ने फोहोर" मा र **धातुको ह्याङ्गर** (प्लास्टिकले ढाकिएको भए पनि) "नजल्ने फोहोर" मा राखेर फाल्नुहोस्। |
| ふねん 不燃ごみ<br>**नजल्ने फोहोर**<br>**बलियो कागजको झोला अथवा प्लास्टिक (बलुवाको बोरा आदि झोलाहरू बाहेक) मा हालेर फाल्नुहोस्।** | महिनामा २ पटक | **माटोका भाँडाहरू**<br><br>**साना विद्युतीय उपकरणहरू (ठूलो फोहोरमा नपर्ने)**<br><br>**अन्य** |  **छालाको झोला**<br> **माटोका भाँडाहरू**<br> **कस्मेटिकको सेतो बोतल र नेल पोलिसको बोतल**<br> **तातो प्रतिरोधी गिलास**<br> **साधारण बल्ब, एलईडी र प्रयोग गरिसकेको तातो प्याड**<br> **लाइटर (अलग झोलामा)**<br> **धातुको क्याप र बिर्को**<br> **आल्मुनियम फोइल**<br> **चिसो राख्ने प्याक**<br> **रेजर**<br> **छाता, थर्मस र घडी**<br> **आइरन, हेयर ड्रायर र अन्य साना विद्युतीय उपकरण** | ●**गमलाको माटो, बालुवा र पिंधको ढुङ्गालाई** ३ वटासम्म प्लास्टिकको झोलामा थोरै थोरै गरेर फाल्नुहोस्।<br>●आगोबाट बच्नको लागि, **लाइटरलाई अन्य नजल्ने फोहोरबाट अलग झोलामा राख्नुहोस्** र झोलामा "**लाइटर**" भनेर लेख्नुहोस्। **विद्युतीय सामानहरूबाट ब्याट्री निकालेर** फाल्नुहोस्। (**ब्याट्री हानिकारक फोहोर हो**)<br>●प्लास्टिकको पाना र पाइपलाई डोरीले बाँधेर निकाल्नुहोस्। (यदि ३० सेन्टिमिटरभन्दा सानो काट्न सकिन्छ भने काटेर "अन्य प्लास्टिक" मा राखेर फाल्नुहोस्।)<br>●**साना विद्युतीय उपकरणहरू** (बिजुली वा ब्याट्रीबाट चल्ने उत्पादनहरू) **लाई वार्ड कार्यालयमा राखिएको पुन: प्रयोग सङ्कलन बाकस** (१५ सेमी उचाई, ३० सेमी चौडाई र ४० सेमी गहिराइ भएको प्वालमा अट्ने आकारको मात्र) मा राखेर फाल्नुहोस् वा कुरियर सेवा प्रयोग गर्नुहोस्। थप जानकारीको लागि हिरोशिमा शहरको वेबसाइट हेर्नुहोस्। |

| फोहोरको प्रकार | संकलन गर्ने दिन | फाल्न मिल्ने चीजहरू | फाल्न मिल्ने चीजहरूको उदाहरण | फोहोर फाल्ने तरिका |
|---|---|---|---|---|
| しげん<br>資源ごみ<br>**पुन:प्रयोग योग्य फोहोर**<br><br>**कागजहरू डोरीले बाँध्ने जस्तो गरेर एकमुस्ट गर्नुहोस्। अन्य "पुन:प्रयोग योग्य फोहोर" बलियो झोला(बरुवाको बोरा आदि झोलाहरू बाहेक) मा हालेर फाल्नुहोस्।** | महिनामा २ पटक | **कागजहरू**<br>**(नाम कार्डभन्दा ठूलो)**<br>**कपडाहरू**<br>**धातुका सामानहरू**<br>**सिसाका सामानहरू** | <br>**कपडाको झोला**<br><br>**पत्रिका**<br><br>**कार्टुन**<br><br>**पुराना कपडा, पर्दा आदि**<br><br>**अन्य कागजहरू (किताब, पत्रिकाहरू, पर्चा, मिठाईका बक्स, डाइरेक्ट मेल आदि नाम कार्डभन्दा ठूला कागजहरू)**<br><br>**चक्कु (पत्रिका आदिमा बेरेर)**<br><br>**खाली क्यान, ठूलो क्यान, भाँडा, फ्राइ प्यान, तेलको क्यान, स्प्रे क्यान (प्रयोग गरेर खाली गर्नुहोस् वा आगो नभएको, हावा चल्ने ठाउँमा खाली गर्नुहोस्) आदि**<br><br>**सिसाको बोतल, सिसाका टुक्रा (बोतलको बिर्को निकालेर)**<br><br>**कस्मेटिकको बोतलहरू (सेतो बोतल र नेल पोलिसको बोतल बाहेक)** | ●**कागजलाई डोरीले बाँधेर** वा अरु केही गरेर जम्मा पार्नुहोस्, **अन्य "पुन: प्रयोग योग्य फोहोर" लाई बलियो झोलामा (बालुवाको बोरा बाहेक)** राखेर "**हानिकारक फोहोर**" **को झोलाबाट अलग राखेर** फाल्नुहोस्।)<br>●**स्प्रे क्यान**लाई प्रयोग गरेर खाली गर्नुहोस् वा आगो नभएको, हावा चल्ने ठाउँमा ग्यास निकालेर **भित्र खाली** गरी **प्वाल नपारी** फाल्नुहोस्।<br>●**भित्र ग्यास बाँकी रहेको स्प्रे क्यान, रंगको क्यान र औषधीको कन्टेनर संकलन गर्न सकिँदैन।** निर्माता कम्पनीसँग सम्पर्क गर्नुहोस्।<br>●चक्कु र फुटेको सिसालाई पत्रिका आदिमा बेरेर **"खतरनाक" भनेर लेखेर** फाल्नुहोस्।<br>●बियरको बोतल र ठूला बोतलहरू जस्ता **बारम्बार प्रयोग योग्य बोतलहरू**लाई सकेसम्म **बेच्ने ठाउँमा फिर्ता** गर्नुहोस्।<br>●क्यान र बोतलको बिर्को र क्याप खोलेर भित्रको सामान निकालेर धोएर फाल्नुहोस्।<br>●हिरोशिमा शहरले फोहोर कम गर्न र लैजानबाट रोक्नको लागि "सामूहिक संकलन" गर्न अनुरोध गरेको छ। यो भइरहेको छ कि छैन भनेर टोल विकास संस्थासँग सोध्नुहोस्।<br>●लगाउन मिल्ने कपडाहरू अरूलाई दिएर सकेसम्म पुन: प्रयोग गर्नुहोस्। |
| ゆうがい<br>有害ごみ<br>**हानिकारक फोहोर**<br><br>**"有害(हानिकारक)" भनेर लेखिएको प्लास्टिक(बरुवाको बोरा आदि झोलाहरू बाहेक) मा हालेर फाल्नुहोस्।** | महिनामा २ पटक | **ब्याट्री,**<br>**फ्लोरोसेन्ट ट्यूब र थर्मोमिटर** | <br>**साधारण ब्याट्री, बटन ब्याट्री, र साना रिचार्जेबल ब्याट्रीहरू (मोबाइल ब्याट्री, लिथियम-आयन ब्याट्री आदि)**<br>**(इलेक्ट्रोनिक उपकरणको कर्डको टर्मिनल ［अन्तिम भाग］ लाई टेपले छोप्नुहोस्।)**<br><br>**फ्लोरोसेन्ट ट्यूब**<br><br>**थर्मोमिटर आदि (पारा प्रयोग भएको)** | ●**"पुन: प्रयोग योग्य फोहोर" को झोलाबाट अलग, प्लास्टिकको झोला (बालुवाको बोरा बाहेक) मा "हानिकारक" भनेर लेखेर** फाल्नुहोस्।<br>●पारा प्रयोग नभएको थर्मोमिटर "नजल्ने फोहोर" मा राखेर फाल्नुहोस्।<br>●**एलईडी बल्ब** र **एलईडी फ्लोरोसेन्ट ट्यूब** "नजल्ने फोहोर" मा राखेर फाल्नुहोस्।<br>●फ्लोरोसेन्ट ट्यूब जत्रो भएपनि "हानिकारक फोहोर" मा राखेर फाल्नुहोस्।<br>●बिजुरीको बत्तीको चिम आदि चीजहरू फुटेर पारा(Mercury) छुरिन /बाहिर जान नदिन नफुट्न होसियार भएर राम्रोसँग **बाकसमा राख्नुहोस् वा पत्रिका आदिले बेरेर** झोलामा राखेर फाल्नुहोस्।<br>●ब्याट्रीहरू करेन्ट लागेको (Short हुने भएको)ले गर्दा हुने तातो हुन **समस्या/आगो लाग्ने समस्या हुन नदिन** इलेक्ट्रोनिक उपकरणको कर्डको टर्मिनल ［अन्तिम भाग］ लाई टेपले छोप्नुहोस्। |

| फोहोरको प्रकार | संकलन गर्ने दिन | फाल्न मिल्ने चीजहरू | फाल्न मिल्ने चीजहरूको उदाहरण | फोहोर फाल्ने तरिका |
|---|---|---|---|---|
| おおがた<br>**大型ごみ**<br>ゆうりょう<br>**(有 料)**<br><br>**ठूलो फोहोर (सशुल्क)** | महिनामा २ पटक (बुकिङ गर्नुपर्ने) | **घरायसी विद्युतीय उपकरणहरू, फर्निचर, ओछ्यान, विद्युतीय उपकरण पुन: प्रयोग ऐन अन्तर्गत पर्ने उपकरण र अन्य** | ● **विद्युतीय उपकरण पुन: प्रयोग ऐन अन्तर्गत पर्ने उपकरणको लागि, शहरको शुल्क तिर्नुपर्ने रसिद बाहेक, हुलाक कार्यालय वा जापान पोष्ट बैंकबाट पुन: प्रयोग शुल्क तिरेर "विद्युतीय उपकरण पुन: प्रयोग रसिद" लिनुपर्ने हुन्छ।**<br><br>**विद्युतीय उपकरण पुन: प्रयोग ऐन अन्तर्गत पर्ने उपकरणहरू (एयर कन्डिसनर, टिभी, फ्रिज/फ्रिजर, वाशिंग मेसिन र कपडा सुकाउने मेसिन)**<br><br>**डसना, दराज, टेबल, मट्टीतेलको प्लास्टिक ट्याङ्की, साइकल आदि**<br><br>*** जुत्ता राख्ने दराज, भाँडा राख्ने दराज, किताब राख्ने दराज, अन्य दराज आदिको आकार (सामुन्नेबाट हेर्दा चौडाइ र उचाइ) पहिले नै नापेर बुकिङ गर्नुहोस्।**<br><br>**सबैभन्दा लामो भाग ३० सेन्टिमिटरभन्दा लामो (लौरो आकारको वा सजिलै मोड्न मिल्ने आकारको वस्तु १ मिटरभन्दा लामो भएमा) ठूलो फोहोर मानिनेछ। तर, विद्युतीय उपकरण पुन: प्रयोग ऐन अन्तर्गत पर्ने उपकरण जत्रो आकारको भएपनि ठूलो फोहोर नै मानिनेछ।**<br><br>**भ्याकुम क्लिनर, माइक्रोवेभ ओभन आदि** | ● **बुकिङ गर्ने तरिका: फोन, इन्टरनेट, वेब च्याट**<br>इन्टरनेट वा वेब च्याटबाट बुकिङ गर्दा **नगदरहित भुक्तानी** पनि गर्न सकिन्छ। **(यदि नगदरहित भुक्तानीबाट पैसा तिर्नुभयो भने, बुकिङ रद्द गरे पनि पैसा फिर्ता गर्न सकिने छैन।)**<br>● **फोनबाट बुकिङ (अपरेटरले जापानी भाषा मात्र बोल्नेछन्)**<br>◇ **ठूलो फोहोर बुकिङ केन्द्र**<br>**Tel: 0570-082530** (मोबाइल फोन कम्पनीहरूको कल शुल्क योजनामा यो नम्बर समावेश हुदैन)<br>**082-544-5300**<br>* सुन्ने समस्या भएको वा माथि उल्लेखित तरिकाबाट बुकिङ गर्न नसक्ने अवस्थामा Fax: 0570-082531<br>**बुकिङ गर्ने समय** बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म<br>**बिदा** शनिबार, आइतबार, सार्वजनिक बिदा, डिसेम्बर २९ देखि जनवरी ३ सम्म, अगस्ट ६<br>**बुकिङको अन्तिम मिति** तपाईं बसुभएको क्षेत्रको फोहोर संकलन गर्ने दिनको अघिल्लो दिनदेखि बिदा बाहेक गनेर **३ दिन अगाडि** सम्म<br>● **इन्टरनेटबाट बुकिङ**<br>दायाँतिरको QR कोड भएको वेबपेजबाट बुकिङ गर्न सकिन्छ।<br>**बुकिङको अन्तिम मिति** तपाईं बसुभएको क्षेत्रको फोहोर संकलन गर्ने दिनको अघिल्लो दिनदेखि बिदा बाहेक गनेर **५ दिन अगाडि** सम्म<br>● **घरायसी कम्प्युटर** र त्यसको **डिस्प्ले** सबै शहरले सङ्कलन गर्दैन। प्रत्येक निर्माता कम्पनी वा कम्प्युटर 3R प्रवर्द्धन संस्था (03-5282-7685) लाई सङ्कलन गर्न अनुरोध गर्नुहोस्। आकार अनुसार साना विद्युतीय उपकरण सङ्कलन गर्ने बाकस पनि प्रयोग गर्न सक्नुहुन्छ। (नजल्ने फोहोरको खण्ड हेर्नुहोस्) |

| शहरले सङ्कलन नगर्ने फोहोर | | | |
|---|---|---|---|
| **एकैपटक धेरै निस्किएको फोहोर** | आफैँले लैजाने<br>वा<br>अनुमति प्राप्त कम्पनीलाई दिने | बसाई सराई, बगैंचाको रुख छाँट्दा, घरको सजावट परिवर्तन गर्दा र अन्य धेरै निस्किएको फोहोर | आफैँले प्रत्येक फोहोरको लागि शहरले तोकेको फोहोर फाल्ने ठाउँमा लैजानुहोस् वा शहरले अनुमति दिएको फोहोर सङ्कलन गर्ने कम्पनीलाई सङ्कलन गर्न अनुरोध गर्नुहोस्।<br>* औद्योगिक फोहोर जस्ता शहरको फोहोर फाल्ने ठाउँमा लैजान नमिल्ने केही फोहोरहरू छन्। फोहोर लैजाने ठाउँमा पहिले नै सोध्नुहोस्। |
| **व्यापारिक फोहोर** | | व्यापारिक काम (पसल, अफिस आदि) बाट निस्किएको फोहोर | |
| **अन्य** | बेच्ने ठाउँ वा<br>निर्माता कम्पनीमा | मोटरसाइकल (स्कुटर सहित), कृषि प्रयोजनको लागि प्रयोग हुने ट्याक्टर, कार, फाइबरग्लासबाट बनेको पुरानो डुङ्गा, टायर, आगो लाग्ने वा पड्किने सम्भावना भएको सामान (बारुद, ग्यास सिलिन्डर, प्रयोग नगरिएको आगो निभाउने उपकरण, पेट्रोलियम पदार्थ, ब्याट्री आदि) विषाक्त सामान (कृषि औषधी वा अन्य औषधीहरू), सेफ्टिक ट्याङ्की, आगो प्रतिरोधी बहुमूल्य चीज राखिने सेफ, पियानो (इलेक्ट्रोनिक पियानो बाहेक), कम्प्युटर (मुख्य भाग र डिस्प्ले) आदि | |

## ठूलो फोहोर निकाल्न सहयोग (आरामदायी सहयोग) सेवाको बारेमा

यदि एक्लै बस्ने व्यक्तिले ठूलो फोहोर आफैँले तोकिएको ठाउँसम्म लैजान सक्नुभएन भने, सङ्कलन गर्ने कर्मचारीले घरभित्रबाट निकाल्न सहयोग गर्नेछन्।

**निवेदन दिने तरिका** फोहोर संकलन गर्ने दिनको **२ हप्ता अगाडि सम्ममा** फोन वा इन्टरनेटबाट ठूलो फोहोर बुकिङ केन्द्रमा निवेदन दिनुहोस्।

**सेवा शुल्क** **ठूलो फोहोर फाल्ने शुल्क** बाहेक अन्य शुल्क लाग्ने छैन।

**आवश्यकता** एक्लै बस्ने व्यक्ति

* एक्लै बस्ने व्यक्ति नभए पनि आफू तथा सँगै बस्ने व्यक्तिहरूमध्ये तल उल्लेख गरिएको①～⑤मा नपर्ने व्यक्ति एक जना पनि नभएको अथवा एक जना मात्र भएको खण्डमा यस सहयोगको लक्षित व्यक्ति हुन सक्छ।

१) दीर्घकालीन हेरचाह बीमा प्रणाली अन्तर्गत सहयोग वा नर्सिङ हेरचाहको आवश्यकता पर्ने प्रमाणित भएकाहरू

२) शारीरिक अपाङ्गता परिचय पत्र, शारीरिक विकास सम्बन्धी अपाङ्गता परिचय पत्र वा मानसिक स्वास्थ्य र कल्याण परिचय पत्र पाएको व्यक्ति

३) आमा र बच्चाको परिचय पत्र पाएको गर्भवती महिला र बच्चा जन्मिएको १ वर्षभित्रको आमा

४) ६५ वर्षभन्दा माथिको व्यक्ति

५) अनिवार्य शिक्षा पुरा नगरेको व्यक्ति



## ठूलो फोहोर आफैँले लैजाने बारे

हिरोशिमा शहरभित्रको घरबाट निस्किएको ठूलो फोहोर तलको स्थानमा आफैँले लैजान सक्नुहुन्छ।

**विद्युतीय उपकरण पुन: प्रयोग ऐन अन्तर्गत पर्ने उपकरण**

* विद्युतीय उपकरण पुन: प्रयोग ऐन अन्तर्गत पर्ने उपकरणको लागि, हुलाक कार्यालय वा जापान पोष्ट बैंकबाट पुन: प्रयोग शुल्क तिरेर "विद्युतीय उपकरण पुन: प्रयोग रसिद" लिनुपर्ने हुन्छ।

**फोहोर लैजाने स्थान १** ओकायामाकेन कामोचू उन्सो कम्पनी लिमिटेड, हिरोशिमा मुख्य शाखा
निशी वार्ड, कानोन शिन्माची ४-१०-२०२
Tel: 082-297-2411 Fax: 082-297-5621

**फोहोर लैजाने स्थान २** सेइनो उन्यू कम्पनी लिमिटेड, हिरोशिमा शाखा
नाका वार्ड, कोनान ६-२-१५
Tel: 082-545-9071 Fax: 082-545-9368

**बुकिङ गर्ने समय** सोमबारदेखि शुक्रबारसम्म, शनिबार (अनियमित)
बिहान ९ बजेदेखि १२ बजेसम्म, दिउँसो १ बजेदेखि ४:३० बजेसम्म

**बिदा** आइतबार, सार्वजनिक बिदा, ओबोन, वर्षको अन्त्य र नयाँ वर्ष



**विद्युतीय उपकरण पुन: प्रयोग ऐन अन्तर्गत नपर्ने उपकरण**

**स्थानको नाम** आसा मिनामी फ्याक्ट्री ठूलो फोहोर प्रशोधन गर्ने केन्द्र
आसा मिनामी वार्ड, तोमोकिता ४-३९९०
Tel: 082-848-1114 Fax: 082-848-1189

**लैजाने समय** सोमबारदेखि शुक्रबारसम्म, बिहान ९ बजेदेखि दिउँसो ४ बजेसम्म

**बिदा** शनिबार, आइतबार, सार्वजनिक बिदा, डिसेम्बर २९ देखि जनवरी ३ सम्म, अगस्ट ६





## अन्य



फोहोर आफैँले जलाउनु भनेको गन्ध र धुवाँले छिमेकीलाई असर पर्ने काम हो, यो कानुनले निषेध गरेको छ। "धुवाँले झ्याल खोल्न सकिँदैन", "घर र लुगा फोहोर हुन्छ", "स्वास्थ्यमा असर पर्ने हो कि भन्ने डर छ" जस्ता धेरै गुनासोहरू शहरमा आएका छन्।



फोहोर जहाँ पायो त्यहाँ फाल्नु भनेको वरपरको राम्रो वातावरण बिथोल्नु मात्र नभई नदी जस्ता सार्वजनिक पानीको स्रोतलाई प्रदूषित पार्नु हो, जुन प्राकृतिक वातावरणको लागि हानिकारक छ र कानुनले निषेध गरेको छ।

**पर्यावरण विभाग, कार्य विभाग, कार्य पहिलो खण्ड, निर्देशन विभाग**